गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्याः २०८२/८३
चलानी नं.: १४०१

पोखरा,
नेपाल ।

मितिः २०८३।०२।०७

**विषयः कार्य सम्पादन मूल्याङ्कन फाराम उपलब्ध गराउने सम्बन्धमा।**

श्री मन्त्रालय (सबै),
श्री आयोग/निकाय (सबै),
श्री स्थानीय तह (सबै),
गण्डकी प्रदेश।

प्रस्तुत विषयमा प्रदेश लोक सेवा आयोगबाट बढुवा सूचना बमोजिम विभिन्न पदहरूमा बढुवाका लागि दरखास्त फाराम पेश गरेका उमेदवारहरूबाट बार्षिक कार्यसम्पादन मूल्याङ्कन फारामको अभिलेख रहेका मन्त्रालय/निकाय/स्थानीय तहमा पत्राचार गरी कार्यसम्पादन मूल्याङ्कन फाराम माग गरिदिन उम्मेदवारले धेरै मात्रामा यस कार्यालयमा अनुरोध गर्ने गरेको अवस्था छ। सो सम्बन्धमा निजामती कर्मचारीहरूको बार्षिक कार्यसम्पादन मूल्याङ्कन सम्पन्न भईसकेपछि प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ६२ को उपनियम (६) तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ५७ को उपनियम (६) मा भएको व्यवस्था अनुसार तोकिएको म्यादभित्र आयोग र बढुवा समितिको सचिवालयमा का.स.मू. फाराम बुझाईसक्नुपर्नेमा सो बमोजिम प्राप्त हुन नआएकोले आर्थिक वर्ष २०७७/०७८ देखिका तहाँ मन्त्रालय/निकाय/स्थानीय तहमा कार्यरत सबै कर्मचारीहरूको का.स.मू. फारामहरू बढुवा प्रयोजन/अभिलेखका लागि बढुवा समितिको सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशमा यथाशिघ्र पठाईदिने व्यवस्थाका लागि यस कार्यालयको मिति २०८३।०२।०७ को निर्णयानुसार अनुरोध छ।

(प्रदिपचन्द्र सुवेदी)
शाखा अधिकृत

टेलिफोन नं.: ०६१-४५७६४८, ४५७६६४, ४६८००३, हेल्लो CM टोलफ्रि नं.: १०९४ वेबसाइटः ocmcm.gandaki.gov.np इमेलः ocmcm.gandaki@gmail.com, ocmcm@gandaki.gov.np